मे ३-५, २०२५ मा काठमाडौं जाऔं
लोकतान्त्रिक, पारदर्शी र एकताबद्ध
एनआरएनएको जग बसालौं

# गैर आवासीय नेपाली संघ (एनआरएनए) को एकता महाधिवेशन २०२५ सम्बन्धी महत्वपूर्ण जानकारी

गैर आवासीय नेपाली संघ (एनआरएनए)
उच्चस्तरीय समिति

## ड गैरआवासीय नेपाली संघ (एनआरएनए) को सदस्य बन्न चाहिने योग्यता के के हुन् ?

गैर आवासीय नेपाली सम्वन्धी ऐन २०६४ मा "गैर आवासीय नेपाली" भन्नाले नेपाली मूलको विदेशी नागरिक सम्भनु पर्छ र सो शब्दले विदेशमा बस्ने नेपाली नागरिक समेतलाई जनाउँछ भनि परिभाषित गरिएको छ । यसै ऐनको दफा ३ मा गैरआवासीय नेपालको हैसियतमा आफ्नो नाम दर्ता गर्न चाहेमा तोकिएको दस्तुर सहित अधिकारी समक्ष निवेदन दिने व्यवस्था गरेका छ भने दफा ४ मा गैर आवासीय नेपाली परिचय पत्रमा दिने व्यवस्था गरिएको छ । त्यसै गरि दफा ५ मा यसै ऐन बमोजिम लगानी गरेको विदेशमा बस्ने नेपाली नागरिक कुनै उद्योग वा व्यवसाय संचालनको सिलसिलामा त्यस्तो उद्योग वा व्यवसायको संचालन वा उच्च व्यवस्थापकीय पदाधिकारीको हैसियतले नेपालमा बसोबास गरेमा पनि निजको गैर आवासीय नेपालीको हैसियत कायम रहने व्यवस्था गरेको छ ।

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि गैर आवासीय नेपालीहरूबीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले गैर आवासीय नेपालीहरूले नेपालभित्र गैर आवासीय नेपाली संघ खोल्न पाउने छन् भनि ऐनको दफा १६ मा व्यवस्था गरिएको छ ।

### ▶▶ एनआरएनएको सदस्य किन बन्ने ? एनआरएनएको सदस्य बन्न आवेदन कसरी दिने ?

कुनै पनि संगठनको मेरूदण्ड भनेकै यसका सदस्यहरू हुन् । विदेशमा रहेका सयौं संघसंस्थाहरूको आ–आफ्नो स्थानमा महत्व र आवश्यकता छ तर एकै ठाउँमा जोडिने संस्थाको रूपमा गैर आवासीय नेपाली संघ गठन भएको छ ।

एनआरएन अभियानको डेढ दशक बितिसक्दा जे जति हुनुपर्ने हो त्यति नभएता पनि केहि उपलब्धीहरू भएका छन् । उदाहरणको लागि नागरिकता निरन्तरताको मुद्दालाई लिन सकिन्छ । एनआरएन अभियान नहुँदो हो त आज नेपालको संविधानमा गैरआवासीय नेपाली नागरिकताको प्रावधान आउदैन थियो । यसलाई एनआरएनले स्थापित गर्न सकेको एउटा महत्वपूर्ण सफलताको रूपमा लिन सकिन्छ । तर यो पर्याप्त छैन भन्ने आवाजहरू उठिरहेको छ । अहिले "एक पटकको नेपाली सधैको नेपाली" भन्ने नारालाई र वंशजका नागरिकहरूको क्याटे गोरीलाई सम्वोधन हुनुपर्ने आवाज उठिरहेको छ ।

चुनावी प्रयोजनको लागि मात्र एनआरएन सदस्यताको प्रश्न उठिरहने गरेको छ । भोलिका दिनमा एनआर एन सदस्यता प्राप्त गरेपछि मात्र अन्य सेवा सुविधाको लागि मान्य हुने बाटो नेपाल सरकारले कतिपय सवालमा लागु गर्न सक्ने भएकाले अनिवार्य रूपमा एनआरएनको सदस्यता लिनु पर्नेछ । त्यो अवस्थामा प्रवासका नेपालीहरू एनआरएनभित्र रहनुको विकल्प हुनेछैन । हाल एनआरएन परिचयपत्रको आधारमा नेपालको प्रवेशाज्ञा (भिसा) शुल्कमा ठुलो सहुलियत प्राप्त भएको छ । यद्यपि यसका बाबूजद थप सेवा सुविधाको लागि आवाज निरन्तर रूपमा उठिरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एनआरएन डेस्क स्थापना भएको छ तर त्यसबाट कसले कसरी लाभ लिन सक्छ भन्ने स्पष्ट हुन बाँकी रहेको छ । भोलिका दिनमा यसको प्रभावकारितामा अभिवृद्धि हुँदा पनि त्यसको प्रत्यक्ष लाभ सबै एनआरएन सदस्यहरूले प्राप्त गर्न सक्ने छन् ।

प्रवासी नेपालीहरूको लागि नेपाल सरकार र सरकारका विदेशस्थित कूटनीतिक निकायहरूमा हुने मान्यताको कारण पनि सम्बन्धित देशका दूतावासहरूले प्रदान गर्ने सेवा सुविधामा पनि एनआरएन सदस्य हुनुको तात्विक महत्व राख्दछ । त्यतिमात्र होइन, सम्बन्धित देशको निकायसंग नेपाली समुदायको मुद्दा उठान गर्ने आधिकारिक निकाय अन्ततोगत्वा एनआरएन नै हो र हुनेछ । त्यस्तै एनआरएनए लाई भावी पुस्तालाई नेपालसंग जोडने एउटा सेतुको रूपमा पनि हेर्नु पर्छ ।

अर्को तर्फ एनआरएनएको स्थापना पश्चात् नेपालमा परोपकारी काम गर्ने र लगानी गर्ने सवालमा पनि उल्लेखनीय योगदान दिएको पाइन्छ जुन मातृभूमिको सेवा र विकासको लागि, आम प्रवासीहरूमा आत्मसन्तुष्टि र लगानीकर्तामा प्रतिफलको हिसाबले लाभदायक नै छ ।

समग्रमा एनआरएनलाई हेर्ने दृष्टिकोणको निर्माण केहि व्यक्ति विशेषलाई हेरेर होइन, समग्रमा संगठनको आवश्यकता र महत्वलाई हेरेर हुनुपर्दछ । समग्र संगठनको सुधार र शुद्धीकरणको लागि पहल गर्ने पहिलो खुड्किलो यसको सदस्यता नै हो । यो भनिरहंदा के बुझ्न आवश्यक छ भने यदि संगठनमा राम्रो मान्छे चुनेर पठाउने हो भने स्वतस्फुर्त यसको सदस्य बनेर राम्रोलाई छान्ने अधिकार सदस्यको मतमा निहित रहेको हुन्छ ।

यस अर्थमा पनि कुनै व्यक्ति विशेषको सहयोगको लागि मात्र नभएर संस्थाको सुधार र गतिशिलताको लागि हाम्रो योगदान भनेको पहिला सदस्य बन्नु नै हो र त्यसपछि उपयुक्त नेतृत्वको  छनौट गर्नु हो ।

## एनआरएनएको सदस्य बने पछि के के सुविधा र सहुलियत पाइन्छ ?

एनआरएनए सदस्य किन बन्ने भन्ने प्रश्नको उत्तरमा माथि हामीले नागरिकता र एनआरएनएको आवश्यकतामा चर्चा गरेका छौ । थप सुविधा र यसको आवश्यकताका बारेमा जान्नका लागि ऐनको दफा १० देखि १४ सम्म भएका व्यवस्था हेर्नुपर्ने हुन्छ । ऐनको उक्त दफाहरूमा एनआरएनका लागि दिइने सुविधा र सहुलियतको बारेमा स्पष्ट व्यवस्था गरिएको छ ।

### १. दफा १० मा नेपाली मूलका विदेशी नागरिकलाई सुविधा तथा सहुलियत दिने व्यवस्था गरिएको छ ।

- जस अनुसार ऐ.को उपदफा (१) मा आफ्नो र परिवारको नाममा नेपाल भित्र तोकिएको शर्तको अधिनमा रहि तोकिएको क्षेत्रफलको जग्गा वा अन्य सम्पत्ति खरिद गर्न सक्ने छ ।
- त्यसै गरि उपदफा (२) मा उल्लेखित खरिद गरेको सम्पति प्रचलित कानून बमोजिम विक्री गर्न सकिने छ ।
- नेपाली मूलको विदेशी नागरिकको मृत्यु भई अपुताली परेमा र निजको नेपालमा सम्पत्ति भएमा त्यस्तो सम्पत्ति निजको हकवाला परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक भए निजले पाउनेछ र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिम हुनेछ ।

### २. दफा ११ मा भिसा सम्बन्धी सुविधा व्यवस्था गरिएको छ । जस अनुसार निम्न सुविधा तथा सहुलियत प्रदान गरेको छ :

- नेपालमा बसोवास गर्ने वा लगानी गर्ने परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश बर्षसम्मको गैर आवासीय भिसा दिन सकिनेछ ।
- त्यसरी दिएको भिसाको अवधि आवश्यता अनुसार थप गर्न सकिनेछ

### ३. दफा १२ मा कर नलाग्ने सम्बन्धी निम्न उल्लेखित व्यवस्था गरेको छ :

- गैर आवासीय नेपालीले लगानी गर्दाको पूँजी रकममा कुनै कर लाग्ने छैन ।
- गैर आवासीय नेपालीले निजको नजिकको नातेदार नेपाली नागरिकलाई निजी प्रयोगको लागि एक आर्थिक वर्षमा पन्द्र लाख रूपैयाँमा नबढ्ने गरी नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैंक वा वित्तीय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन ।

- गैर आवासीय नेपालीले नाफा आर्जन नगर्ने गरी खडा भएको कुनै सामाजिक, धार्मिक, शैक्षिक, साँस्कृतिक, परोपकारी, खेलकूद वा दैवी प्रकोपको उद्धार कार्यसँग सम्बन्धित संस्थालाई नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैंक वा वित्तीय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन ।

**४. दफा १३ मा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्था :**

- यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलको विदेशी नागरिकले नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउनेछ ।

**५. दफा १४ मा प्रचलित कानून बमोजिमको सुविधा पाउने प्रचलित कानून बमोजिम कुनै विदेशी नागरिकले परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरे बापत पाउने सुविधा यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलका विदेशी नागरिकले पनि पाउनेछ ।**

### के एनआरएनएका सबै पंजीकृत सदस्य डेलिगेट्स बन्न पाउँछन्?

विगतमा एनसीसीहरूले कसलाई अन्तर्राष्ट्रिय महाधिवेशनमा डेलिगेटस् पठाउने भन्ने बारेमा विवाद हुने गरेको थियो । डेलिगेट्स (प्रतिनिधि) चयन सम्बन्धी विवादले महाधिवेशनको मिति नै पर सर्नुका साथै दुई धारमा विभाजनको अवस्था श्रृजना भएको थियो । तर यस पटक काठमाडौँ आउने एनआरएनएका सबै पंजीकृत सदस्यहरूले तोकिएको शुल्क तिरेर महाधिवेशन प्रतिनिधि (डेलिगेट) बन्न पाउने छन् । डेलिगेट्सहरूले नयाँ नेतृत्व चुन्नुका साथै नयाँ विधान बनाउन पनि आफ्नो अभिमत जाहेर गर्न सक्नेछन् । एनआरएनए स्थापना पछि पहिलो पटक यस्तो अवसर प्राप्त भएको छ ।

### पहिलेको भन्दा यस पटकको महाधिवेशन कसरी फरक छ?

यो एकताको महाधिवेशन हो । सर्वोच्च अदालतले यसअघि गठन भएका सवै एनआरएनहरू खासगरी मुद्दा दायर भएपछिका निर्वाचनहरूलाई अवैधानिक ठहर गर्दै एकताको महाधिवेशन गर्नु गराउनु भनि सर्वोच्च अदालतबाट परमादेश भएको छ । यस कारण यो निर्वाचन महत्वपूर्ण छ । नेपालको कानुन अनुसार दर्ता भएको संस्था भएको हुँदा सर्वोच्च अदालतको आदेश मान्नु कानूनी कर्तव्य हो । सर्वोच्च अदालतबाट भएको फैसलाले कानूनी मान्यता प्राप्त गर्दछ । सर्वोच्च अदालतबाट एकताको महाधिवेशन आयोजना गर्न उच्चस्तरीय समितिलाई निर्देशन दिएको र यस समितिले सर्वोच्च अदालतको फैसला बमोजिम गरेको कार्यले बैधानिकता समेत पाउने भएको हुँदा कसैले सर्वोच्च अदालतको फैसलालाई अवज्ञा वा अपमान गर्दछ भने अदालतको अपहेलना भएको मानि कानूनी कारवाही समेत हुनेछ । एकताको महाधिवेशनलाई सर्वोच्च अदालतले मान्यता दिएको हुँदा यस महाधिवेशनमा सहभागि हुनु हामी गैरआवासीय नेपालीको कर्तव्य समेत हो । एनआरएन रहिरहनका लागि पनि यो महाधिवेशनमा भाग लिनु अनिवार्य हुन्छ । यी र यस्तै कारण विगतका निर्वाचन भन्दा यो पटक सम्पन्न हुने एकताको महाधिवेशन फरक छ ।

### मे २०२५ मा भाग लिन नपाए पछि अक्टोबर २०२५ मा हुने भनिएको महाधिवेशनले वैधानिकता प्राप्त गर्छ कि गर्दैन ?

सर्वोच्च अदालतको परमादेश बमोजिम गठित उच्चस्तरीय समितिले तोकेको मितिमा हुने एकताको महाधिवेशन तथा निर्वाचनमा भाग लिनेहरूले मात्र कानुनी रूपमा वैधानिकता पाउँछन् । त्यसपछि जो कसैले गर्ने निर्वाचनले कानूनी मान्यता पाउदैन । एनआरएनको मूलस्रोत भनेको सर्वोच्चको फैसला अनुसार हुने एकताको महाधिवेशन नै हो । एकताको महाधिवेशनले मात्र कानूनी मान्यता प्राप्त गरेको छ सो बाहेक गरिने महाधिवेशनले कानूनी मान्यता

प्राप्त गर्दैन र सर्वोच्च अदालतको आदेशको अवज्ञा भएको मानिने छ । मे २०२५ मा एकता महाधिवेशन सम्पन्न हुना साथ वैधानिक रूपले निर्वाचित नयाँ कार्यसमितिले संघको केन्द्रीय सचिवालयबाट तत्काल काम शुरू गर्न अधिकार प्राप्त गर्दछ । एकताको महाधिवेशनलाई अवज्ञा गरि गरिने अन्य अन्तर्राष्ट्रिय महाधिवेशनले वैधानिकता प्राप्त नगर्नुको साथ अदालतको अवहेलना हुने भएको हुँदा अक्टोबर २०२५ मा छुट्टै महाधिवेशन आयोजना गरिने भन्ने भ्रममा नपर्न हामी संसारभरिका सबै एनआरएन मित्रहरूलाई अनुरोध गर्दछौं।

### सर्वोच्च अदालतबाट भएका आदेशहरू के के हुन र कुन आदेशले बढी प्रभावकारिता प्राप्त गर्दछ ?

सर्वोच्च अदाललते पछिल्लो पटक दुई वटा फैसला सुनाएको छ । सर्वोच्च अदालतले शुरूमा एनआरएनको वैधानिकताको विवादमा एउटा फैसला सुनायो ।

सर्वोच्च अदालतका न्यायाधिद्वय सपना प्रधान मल्ल तथा नहकुल सुवेदीको इजलासले मिति २०८० चैत २१ गते रिट नं (०७९-धय-१५०७) मा अन्तर्राष्ट्रिय महाधिवेशन सम्बन्धी विवादमा आदेश गरेको थियो। उक्त आदेशमा विशेषगरी संघको अन्तराष्ट्रिय समन्वय परिषदको मिति ०७८ माघ १ मा सम्पन्न ८१ औं बैठकले डा शेष घलेको अध्यक्षतामा गठन गरेको उच्चस्तरीय समितिलाई यथावत् कायम राख्ने र उक्त समितिमा रिट निवेदकले दावी गरेको गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद भनिएको समितिको अध्यक्ष विनोद कुवर, उपाध्यक्ष उमेश कुमार पुडासैनी र महासचिव जानकी गुरूङ तथा कुल आचार्य, डा. बद्री के.सी र रविना थापा समेत ६ जना सदस्य थप गर्ने भन्ने लगायत आदेश भएको थियो ।

रिट नं (०७९-धय-१५०७) का पूर्ण पाठ आउनु पूर्व मिति २०८१ साउन २२ गते न्यायाधीशद्धय तिलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुङ्गानाको इजलाशबाट आदेश जारी भयो । उक्त आदेश अनुसार नेपाल सरकार परराष्ट्र मन्त्रालयले मिति २०८०।१२।२८ मा गैरआवासीय नेपाली संघको नाममा लेखेको पत्र बदर गरेको थियो । यद्यपी उक्त आदेश अघिल्लो रिटको पूर्ण पाठ आउनु पूर्व  को अवस्था हो । पछिल्लो अर्थात (रिट नं.(०८०-धय-११५७) मा आदेश हुँदा निम्न व्यहोरा उल्लेख भएको छ :

"प्रकरणहरूमा विवेचित आधार र कारणबाट विपक्षी परराष्ट्र मन्त्रालयले निवेदन गैर आवासीय नेपाली संघको सचिवालयलाई मिति २०८०/१२/२८ मा लेखेको पत्र यस अदालतबाट मिति २०८०/१२/२१ मा जारी रिट निवेदनको संक्षिप्त आदेशको आधारमा जारी भएको देखिएको र उक्त निवेदनमा यस अदालतबाट तयार भई मिसिल संलग्न भएको फैसलाको पूर्ण पाठमा विपक्षी मन्त्रालयबाट उक्त विवादित पत्रमा लेखिए बमोजिमको आदेश वा व्यहोरा समावेश भएको समेत नदेखिदा मिति २०८०/१२/२८ को परराष्ट्र मन्त्रालयको पत्र कानून सम्मत मान्न नमिलेकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ ।"

राजेश शमशेर राणा विरूद्ध परराष्ट्र मन्त्रालय समेत (०७९-धय-१५०७) भएको रिटको कुरा उल्लेख भएको तर पूर्णपाठ नै तयार नभई मन्त्रालयले सचिवालयलाई लेखेको पत्रलाई बदर गर्ने आदेश भएको हो तर रिट नं (०७९-धय-१५०७) को पूर्णपाठ तयार भईसकोका अवस्था हुँदा उक्त फैसलाले नेपाल सरकार परराष्ट्र मन्त्रालयको नाममा जारी आदेश कार्यान्वय गर्नको लागि जो जे कर्तव्य निर्वाह गर्नुपर्ने हो सो कार्य विपक्षी मन्त्रालयबाट हुने नै हुँदा सो सम्बन्धमा यस रिट निवेदनको रोहबाट थप बोलि रहन पर्ने देखिएन भनि पछिल्लो  रिट (०८०-धय-११५७) मा बोलिएको छ ।

तसर्थ पहिलो रिटको पूर्ण पाठ जारी नभए सम्मको लागि दोस्रो रिट जारी भएको हुँदा पहिले रिट अनुसार उच्चस्तरिय समितिलाई एकताको महाधिवेशन आयोजन गरि नयाँ अन्तरराष्ट्रिय  समन्वय समितिको गठन गर्ने लगायतका जिम्मेवारी तोकिएको छ ।

## परमादेश र उत्प्रेषणको आदेशमा के फरक छ ?

परमादेश भनेको कुनै कानूनद्वारा सिर्जित सार्वजनिक ओहदामा रहेको पदाधिकारीले आफूले पालना गर्नु पर्ने कर्तव्यको पालना नगर्दा कसैको हक अधिकार कुण्ठित हुन गएको अवस्थामा त्यस्तो हक अधिकारको प्रचलन गराउनका लागि त्यस्तो सार्वजनिक पदाधिकारीका नाममा उसको कर्तव्यको पालना गराउन अदालतबाट जारी गरिने आदेश हो ।

सार्वजनिक कार्य सम्पादन गर्ने तल्लो प्रशासनिक निकाय वा अदालत वा पदाधिकारीका नाममा माथिल्लो अदालतले कुनै काम गर्नु भनेर दिइएको आदेश भन्ने बुझिन्छ ।

उत्प्रेषणको आदेश भनेको कुनै प्रशासनिक, अर्धन्यायिक वा तल्लो न्यायिक निकायले कार्य सम्पादन गर्ने क्रममा गैरकानुनी निर्णय गरेमा त्यसलाई बदर गर्न माथिल्लो न्यायिक निकायले जारी गर्ने रिट हो । उत्प्रेषण सार्वजनिक पद धारण गर्ने अधिकारी वा निकायका नाममा जारी गरिन्छ । आफ्नो क्षेत्राधिकार नाघेर वा क्षेत्राधिकार नभई कुनै प्रशासनिक वा अर्धन्यायिक वा तल्लो न्यायिक निकायले गरेको निर्णय गैरकानुनी र बदरभागी भएमा उत्प्रेषणद्वारा त्यस्तो निर्णय बदर गरिन्छ । वास्तवमा निर्णय गर्दा कानुनमा तोकिएको कार्यविधि पालन भएको छैन भने अथवा निर्णय गर्ने अधिकारीले बदनियत राखी निर्णय गरेमा उक्त निर्णय त्रुटिपूर्ण छ भन्नेकुरा सम्बन्धित मिसिलबाट देखिएमा पनि उत्प्रेषणको रिट जारी हुन्छ । एनआरएनको हकमा पहिलो फैसलामा जारी भएको परमादेश एकता महाधिवेशन गर्नु भन्ने हो र दोस्रो फैसलाले गरेको उत्प्रेषणको आदेश कार्यालयका नियमित काम गर्न नरोक्नु भन्ने मात्र हो । पहिलो रिटमा भएको आदेशलाई दोस्रो रिटमा भएको आदेशले प्रतिस्थापन गरेको छैन ।

## ▸▸ यस सम्बन्धी थप जानकारीको लागि कहाँ सम्पर्क गर्ने ?

थप जानकारीको लागि काठमाडौँस्थित एनआरएनए उच्चस्तरीय सचिवालयमा सम्पर्क गर्नुहोला ।

Email: pd.nrnahlc@gmail.com

Website: www.nrnahlc.com